"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार; बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
(राजस्व तथा आर्थिक प्रशासन महाशाखा)
(Revenue & Financial Administration Division)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No.1, Nepal
फोन: ०२५-५२०४०७, ५२०८१३
एक्स्टेन्सन: २०८, २०९
फ्याक्स: ०२५-५२१९९१

# ढुंगा, गिटी तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको
## सिलबन्दी बोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७६।०६।१४)

यस कार्यालयबाट आर्थिक वर्ष २०७६/०७७ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(घ)(६) बमोजिम धरान उपमहानगरपालिका क्षेत्रभित्रका खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार **ढुंगा, गिटी तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन**को कार्य ठेक्का बन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित निकायबाट इजाजत प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र ३१ औं दिनको १२.०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। शुल्क असुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ। साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको राजस्व, पर्यटन तथा सूचना महाशाखा वा वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा कार्यालय समयभित्र सम्पर्क राखेर लिन सकिनेछ।

ठेक्का नं. **NCB/Rev./03/14157** **बोलपत्र फाराम दस्तुर** : रु. ५०००/-(पाँच हजार मात्र । फिर्ता नहुने गरी ।)

| क्र.सं. | खोला | ठेक्का विवरण (नाका) | निकासी गर्न सकिने परिमाण (घनफिट) | न्यूनतम् कबुल अंक (भ्याट बाहेक) | ठेक्का भार |
|---|---|---|---|---|---|
| १ | सेहरा | तल्लो र माथिल्लो पानवारी जाने पुलको बीच | ११३५७३.०४ | ६८१४३८.२४ | २.९३% |
| | | गैडे आहाल | १२४८७३८.४० | ७४९२४३०.४० | ३२.२१% |
| | | जम्मा : | १३६२३११.४४ | ८१७३८६८.६४ | ३५.१४% |
| २ | सर्दु | मंगलवारे | २०५३९६४.५४ | १२३२३७८७.२४ | ५२.९८% |
| | | कुम्भी आहाल (रेल्वे नाका) | ३२४८९८.०० | १९४९३८८.०० | ८.३८% |
| | | जम्मा : | २३७८८६२.५४ | १४२७३१७५.२४ | ६१.३६% |
| ३ | पटनाली | पटनाली गाउँ नाका | १३५६०९.६० | ८१३६५७.६० | ३.५०% |
| | | जम्मा : | १३५६०९.६० | ८१३६५७.६० | ३.५०% |
| | | कूल जम्मा : | ३८७६७८३.५८ | २३२६०७०१.४८ | १००.००% |

**शर्तहरु:**

१. बोलपत्र दर्ता गर्दा बोलपत्रदाताको नाम, ठेक्का नं. र विषय सिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ।

२. सिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक वर्ष २०७६/०७६ को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

३. बोलपत्र धरौटी वापत आफूले कबुल गरेको अंकको पाँच (५) प्रतिशत रकम यस कार्यालयको नाममा श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धरान शाखाको धरौटी खाता नं. २१६०३०३००७१०२ मा नगद जम्मा गरी सोको दोस्रो

प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंकद्वारा यस उपमहानगरपालिकाको नाममा जारी गरिएको बोलपत्र फाराम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० (एकसय बीस) दिनसम्म म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ।

४. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा निहित रहने छ।

५. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा **उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोश्रो बढी कबुल गर्नेलाई दिने प्रकृया** नियमानुसार कारवाही अगाडि बढाइनेछ।

६. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा वा ठेक्का वापतको जमानत गर्दा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर समेत बुझाउनु पर्नेछ।

७. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ।

८. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन।

९. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहनेले मूल्य अभिवृद्धि करको रकम सहित एकमुष्ट बुझाउँदा कबोल अंकमा मू.अ. करको रकम घटाई बाँकी रकममा १० प्रतिशत छुट दिइनेछ।

१०. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको **क वर्गको बैंक**बाट जारी भएको घटीमा १५ (पन्ध्र) महिना अवधि भएको फरफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन सकिनेछ। किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत र मूल्य अभिवृद्धि करको पूरै रकम, दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता २० प्रतिशत गरी बिभाजन गरिनेछ। यसरी बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता पौष मसान्त र तेस्रो किस्ता वैशाख मसान्तभित्रमा बुझाउनु पर्नेछ।

११. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ।

१२. ठेक्का सकार गर्ने ठेकेदारले उपमहानगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरिएको रसिदबाट उठाएको पाइएमा नियमानुसार कानुनी कारवाही गरिनेछ। साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ।

१३. उपमहानगरपालिका वा अनुगमन गर्न अख्तीयार प्राप्त निकायबाट अनुगमन हुँदा विक्रि रसिद नदिई विक्रि गरेको पाईएमा ठेकेदारलाई आर्थिक जरीवाना वा ठेक्का भंग गर्ने सम्मको कारवाही गर्न सकिनेछ ।

१४. सम्बन्धित कर संकलनका लागि उपमहानगरपालिकाले तोकिएको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट ढुंगा, गिटी, बालुवा उत्खनन गरी बिक्री गर्न वा त्यसको शुल्क उठाउन पाइने छैन।

१५. तोकिएको नाका र परिमाणभन्दा बढी उखनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी ठेकेदारबाट भराइने तथा ठेक्का रद्द गर्न सक्ने सम्मको कारवाही गरिनेछ।

१६. तोकिएको कुनै नाकामा कुनै विवाद वा समस्या उत्पन्न भएमा सो नाकाको लागि मात्र छुट्टै निर्णय गर्न सकिनेछ । ठेक्का रकम सम्बन्धमा हुने निर्णय ठेक्का भारको आधारमा हुनेछ ।

१७. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन। राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१८. बोलपत्र धरौटी वापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन।

१९. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिने छ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा उपमहानगरपालिकाको निर्णय अन्तिम हुनेछ। उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

२०. ढुङ्गा, गिट्टी, बालुवा जस्ता पदार्थहरु नदीबाट उत्खनन् गर्दा प्रचलित कानुन तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक बहावलाई प्रतिकुल असर नहुने गरी नदीको channeling गरेर मात्र उत्खनन गर्नुपर्ने छ।

२१. ढुङ्गा, गिट्टी, मिक्सगिट्टी, बालुवा तथा भरौट, माटो आदि निकाल्दा अर्काको घरजग्गा, कुलो, बाँध, बाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन।

२२. यस ठेक्काको लागि सम्झौता अवधि **२०७७ जेष्ठ मसान्तसम्म** मात्र कायम गरिएको छ।

२३. नगर क्षेत्रमा माल स्टक गरी विक्रि वितरण गर्नु पर्ने भएमा २०७६ चैत्र मसान्तभित्र सो माल स्टक गर्ने जग्गाको जग्गाधनी पूर्जाको फोटोकपी, जग्गाको नक्सा, जग्गाधनीसंग गरेको सम्झौताको फोटोकपी, जग्गाको चारै तर्फ देखिने गरि लिएको फोटोहरु पेश गरी स्वीकृतीको लागि माग गर्नु पर्नेछ । आवश्यकता र उपयुक्तताको आधारमा मात्र उपमहानगरपालिका कार्यालयबाट स्टक गर्ने स्थानको स्वीकृती प्राप्त गरे पछिमात्र माल स्टक गर्न पाईनेछ । स्टक माल प्रमाणितको लागि २०७७ जेष्ठ १५ भित्र परिमाण खुलाई निवेदन पेश गर्नु पर्नेछ । २०७७ जेष्ठ मसान्तभित्र स्टक प्रमाणित गराई पत्र लिई सक्नु पर्नेछ । स्टक प्रमाणित नभएको मालको मिति २०७७ जेष्ठ मसान्त पछि विक्रि वा ओसारपसार गर्न पाईनेछैन ।स्टक प्रमाणित नगरेको वा प्रमाणित भन्दा बढि परिमाणमा रहेको माल उपमहानगरपालिकाले ले जफत गरी कानून अनुसार कारवाही गर्नेछ ।

२४. बोलपत्र फाराम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ।

२५. बोलपत्र फाराममा कबुल गरेको अंक वापतको रकम यस उपमहानगरपालिकालाई बुझाउँदा चेक मार्फत कारोवार गर्न पाइने छैन। कार्यालयले उपलब्ध गराएको बैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ।

२६. गत विगत वर्षमा यस उपमहानगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।

२७. पेश भएका सिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२८. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा ती कामहरु त्यसपछि कार्यालय खुलेको दिन हुनेछन्।

२९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने, मूल्यांकन गर्ने, सम्झौता गर्ने तथा कायदिश दिने सम्बन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

३०. उपमहानगरपालिकाले पालना गर्नु पर्ने न्यूनतम् शर्तहरु पुरा नगरेको कारणले ठेकेदारले तोकिएको शुल्क उठाउन नसकेको अवस्थामा वाहेक ठेक्का रकममा कुनै प्रकारको मिनाहा वा छुट दिईनेछैन ।

खगेन्द्रप्रसाद खतिवडा
वरिष्ठ राजस्व तथा सूचना अधिकृत